सामाजिक सुरक्षा कोष
Social Security Fund

**सामाजिक सुरक्षा कोष**

बबरमहल, काठमाडौं

## लोक सेवा आयोगवाट लिइने आन्तरिक तथा खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन सम्वन्धी सामाजिक सुरक्षा कोषको सूचना

### सूचना नं. ०२/०८०/०८१

प्रकाशन मिति :२०८०।०९।०६

लोक सेवा आयोगको सहमति अनुसार यस कोषमा रिक्त रहेका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरुमा आन्तरिक तथा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ।तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले कोषको अनलाइन दरखास्त प्रणाली (vacancy.ssf.gov.np) मार्फत् फाराम भर्नुपर्नेछ।

| क्र. सं. | विज्ञापन नं. | तह | पद | सेवा, समूह, उपसमूह | पदपूर्तिको किसिम | पद माग संख्या |
|---|---|---|---|---|---|---|
| १ | ११/०८०-८१ | ९ | उप निर्देशक | प्रशासन, वित्त | खुला | १ |
| २ | १२/०८०-८१ | ९ | उप निर्देशक | प्रशासन, वित्त | महिला | १ |
| ३ | १३/०८०-८१ | ८ | वरिष्ठ सहायक निर्देशक | प्रशासन, सामान्य प्रशासन | आ. प्र. | १ |
| ४ | १४/०८०-८१ | ८ | वरिष्ठ सहायक निर्देशक | प्रशासन, सामान्य प्रशासन | महिला | १ |
| ५ | १५/०८०-८१ | ८ | वरिष्ठ सहायक निर्देशक | प्रशासन, वित्त, लगानी | खुला | २ |
| ६ | १६/०८०-८१ | ८ | वरिष्ठ सहायक निर्देशक | प्रशासन, वित्त, लगानी | महिला | १ |
| ७ | १७/०८०-८१ | ८ | वरिष्ठ सहायक निर्देशक (लगानी तथा जोखिम विश्लेषक) | प्रशासन, वित्त, विज्ञ | खुला | १ |
| ८ | १८/०८०-८१ | ८ | वरिष्ठ सहायक निर्देशक (सि. ए.) | प्रशासन, वित्त, विज्ञ | खुला | १ |
| ९ | १९/०८०-८१ | ८ | वरिष्ठ सहायक निर्देशक | प्रशासन, कानून | महिला | १ |
| १० | २०/०८०-८१ | ८ | मेडिकल अधिकृत | विविध, स्वास्थ्य | महिला | १ |
| ११ | २१/०८०-८१ | ७ | सहायक निर्देशक | प्रशासन, सामान्य प्रशासन | आ. प्र. | १ |
| १२ | २२/०८०-८१ | ७ | सहायक निर्देशक | प्रशासन, वित्त, लगानी | आ. प्र. | १ |
| १३ | २३/०८०-८१ | ७ | सहायक निर्देशक | प्रशासन, वित्त, लगानी | खुला | २ |
| १४ | २४/०८०-८१ | ७ | सहायक निर्देशक | प्रशासन, वित्त, लगानी | महिला | १ |
| १५ | २५/०८०-८१ | ७ | सहायक निर्देशक | प्रशासन, वित्त, लगानी | आदिवासी जनजाती | १ |
| १६ | २६/०८०-८१ | ७ | सहायक निर्देशक (जोखिम विश्लेषक) | प्रशासन, वित्त, विज्ञ | खुला | १ |
| १७ | २७/०८०-८१ | ७ | सहायक निर्देशक (सि. ए.) | प्रशासन, वित्त, विज्ञ | खुला | १ |
| १८ | २८/०८०-८१ | ७ | सहायक निर्देशक (सि. ए.) | प्रशासन, वित्त, विज्ञ | महिला | १ |
| १९ | २९/०८०-८१ | ७ | सहायक निर्देशक | प्रशासन, लेखा | आ. प्र. | १ |
| २० | ३०/०८०-८१ | ७ | सहायक निर्देशक | प्रशासन, कानून | खुला | १ |
| २१ | ३१/०८०-८१ | ६ | प्रशासकीय अधिकृत | प्रशासन, सामान्य प्रशासन | खुला | १ |
| २२ | ३२/०८०-८१ | ६ | प्रशासकीय अधिकृत | प्रशासन, सामान्य प्रशासन | महिला | १ |
| २३ | ३३/०८०-८१ | ६ | वित्त अधिकृत | प्रशासन, वित्त, लगानी | खुला | ३ |
| २४ | ३४/०८०-८१ | ६ | वित्त अधिकृत | प्रशासन, वित्त, लगानी | महिला | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | ३५/०८०-८१ | ६ | वित्त अधिकृत | प्रशासन, वित्त, लगानी | आ. ज. | १ |
| २६ | ३६/०८०-८१ | ६ | लेखा अधिकृत | प्रशासन, लेखा | आ. प्र. | १ |
| २७ | ३७/०८०-८१ | ६ | लेखा अधिकृत | प्रशासन, लेखा | खुला | २ |
| २८ | ३८/०८०-८१ | ६ | लेखा अधिकृत | प्रशासन, लेखा | आ. ज. (पुनः विज्ञापन) | १ |
| २९ | ३९/०८०-८१ | ६ | लेखा अधिकृत | प्रशासन, लेखा | मधेसी | १ |
| ३० | ४०/०८०-८१ | ६ | कानून अधिकृत | प्रशासन, कानून | महिला | १ |
| ३१ | ४१/०८०-८१ | ६ | सूचना प्रविधि अधिकृत | विविध, कम्प्युटर ईन्जिनियरिङ | महिला (पुनः विज्ञापन) | १ |
| ३२ | ४२/०८०-८१ | ५ | लेखापाल | प्रशासन, लेखा | खुला | १ |
| ३३ | ४३/०८०-८१ | ५ | लेखापाल | प्रशासन, लेखा | आ. ज. | १ |
| ३४ | ४४/०८०-८१ | ५ | लेखापाल | प्रशासन, लेखा | मधेसी | १ |
| ३५ | ४५/०८०-८१ | ५ | कानून सहायक | प्रशासन, कानून | महिला | १ |
| ३६ | ४६/०८०-८१ | ४ | प्रशासन सहायक | प्रशासन, सामान्य प्रशासन | खुला | ३ |
| ३७ | ४७/०८०-८१ | ४ | प्रशासन सहायक | प्रशासन, सामान्य प्रशासन | महिला | १ |
| ३८ | ४८/०८०-८१ | ४ | प्रशासन सहायक | प्रशासन, सामान्य प्रशासन | आ. ज. | १ |
| ३९ | ४९/०८०-८१ | ४ | प्रशासन सहायक | प्रशासन, सामान्य प्रशासन | मधेसी | १ |
| ४० | ५०/०८०-८१ | ४ | लेखा सहायक | प्रशासन, लेखा | खुला | १ |
| ४१ | ५१/०८०-८१ | ४ | लेखा सहायक | प्रशासन, लेखा | आ. ज. (पुनः विज्ञापन) | १ |
| ४२ | ५२/०८०-८१ | ४ | लेखा सहायक | प्रशासन, लेखा | मधेसी | १ |
| ४३ | ५३/०८०-८१ | ४ | सहायक कम्प्युटर अपरेटर | विविध, कम्प्युटर ईन्जिनियरिङ | खुला | १ |
| ४४ | ५४/०८०-८१ | ४ | सहायक कम्प्युटर अपरेटर | विविध, कम्प्युटर ईन्जिनियरिङ | आ. ज. | १ |

**विज्ञापन सम्बन्धी विशेष सूचनाः**

सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम आवश्यक कानुनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ।

(क) **परीक्षाको किसिमः** सम्बन्धित पदको पाठ्यक्रममा तोकिए बमोजिमको लिखित, कम्प्यूटर सीप परीक्षण/प्रयोगात्मक/ समूह छलफल/मामिला अध्ययन तथा प्रस्तुतिकरण, अन्तरवार्ता।

(ख) **परीक्षा केन्द्रः** काठमाडौं।

(ग) **दरखास्त दिने अन्तिम मितिः** २०८०।०९।२६ सम्म र दोब्बर दस्तुर २०८०।१०।०४ सम्म।

(घ) **उमेरको हदः**

१. तह ४ र ५ को पदमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको।
२. तह ६ र ७ को पदमा २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको।
३. तह ८ र सो भन्दा माथिको पदमा ४० वर्ष ननाघेको।
४. महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको।
५. कोषको सेवामा कार्यरत स्थाई कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

(ङ) **परीक्षा दस्तुरः** प्रत्येक विज्ञापनका लागि देहाय अनुसार दरखास्त दस्तुर बुझाउनु पर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि तोकिएको थप दस्तुर बुझाउनु पर्नेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| ११ तहका लागि रु. २००० | ९ र १० तहका लागि रु. १५०० | ७ र ८ तहका लागि रु. १२०० | ६ तहका लागि रु. १००० | ५ तहका लागि रु.६०० | ४ तहका लागि रु.४०० |
| समावेशी प्रत्येक समूहको लागि रु. ६०० | समावेशी प्रत्येक समूहको लागि रु. ५०० | समावेशी प्रत्येक समूहको लागि रु. ४०० | समावेशी प्रत्येक समूहको लागि रु. ३०० | समावेशी प्रत्येक समूहको लागि रु. २०० | समावेशी प्रत्येक समूहको लागि रु.१५० |

(च) **परीक्षा दस्तुर बुझाउने विधि र समयः** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन) Khalti वा eSewa वा Connect IPS मार्फत परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा सामाजिक सुरक्षा कोषको नाममा प्राइम बैंक लिमिटेडमा रहेको खाता नं ००१०१००००००५९४९००१९९ मा जम्मा गरिसकेको हुनुपर्नेछ।

(छ) **परिक्षणकालः** सामाजिक सुरक्षा कोष (कर्मचारी प्रशासन) विनियमावली, २०७५ को विनियम ३२ को व्यवस्था अनुरुप हुनेछ।

(ज) **पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा, समूह तथा उपसमूह सम्बन्धी।

(झ) **तलब र अन्य सुविधाः** कोषको प्रचलित नियमानुसार।

(ञ) **लिखित परीक्षा सञ्चालनः** लोक सेवा आयोगबाट हुनेछ। लिखित परीक्षा कार्यक्रमको मिति आयोगबाट प्राप्त भएपश्चात् प्रकाशन गरिनेछ।

(ट) **आवश्यक न्यूनतम योग्यताः**

**क) आ.प्र. तर्फः**

सामाजिक सुरक्षा कोष कर्मचारी प्रशासन विनियमावली २०७५ को विनियम ३८ को उपविनियम (३) बमोजिम योग्यता पुरा भएका।

**ख) खुला तथा समावेशी तर्फः**

(१) **उप-निर्देशक, प्रशासन, वित्तः** मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त वा अर्थशास्त्र मुल विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको।

(२) **वरिष्ठ सहायक निर्देशक, प्रशासन, सामान्य प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र कुनै सरकारी सेवा वा प्रचलित कानुनबमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको।

(३) **वरिष्ठ सहायक निर्देशक, प्रशासन, वित्त, लगानी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त वा अर्थशास्त्र मुल विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको।

(४) **वरिष्ठ सहायक निर्देशक, प्रशासन, वित्त, विज्ञ (लगानी तथा जोखिम विश्लेषक):** मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त वा वाणिज्य सहित व्यवस्थापनमा स्नातकोत्तर तह वा अर्थशास्त्रमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र एफ आर ए (Financial Risk Analyst) वा सि एफ ए (Chartered Financial Analyst) कोर्ष उत्तिर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको।

(५) **वरिष्ठ सहायक निर्देशक, प्रशासन, वित्त, विज्ञ (सि. ए.):** मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह र चार्टर्ड एकाउण्टेन्सी वा ACCA हासिल गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको र नेपाल चार्टर्ड एकाउण्टेन्सी संस्थाको सदस्यता प्राप्त गरेको।

(६) **वरिष्ठ सहायक निर्देशक, प्रशासन, कानून:** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको।

(७) **मेडिकल अधिकृत, विविध, स्वास्थ्य:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधी प्राप्त र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको।

(८) **सहायक निर्देशक, प्रशासन, वित्त, लगानी:** मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त वा अर्थशास्त्र मुल विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण।

(९) **सहायक निर्देशक, प्रशासन, वित्त, विज्ञ (जोखिम विश्लेषक):** मान्यता प्राप्त संस्थाबाट लेखा वा वित्त विषय सहित व्यवस्थापनमा स्नातक तह वा अर्थशास्त्र विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी एफ. आर. ए. (Financial Risk Analyst) कोर्ष उत्तीर्ण।

(१०) **सहायक निर्देशक, प्रशासन, वित्त, विज्ञ (सि. ए.):** मान्यता प्राप्त संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको वा ए.सि.सि.ए. (Association of Chartered Certified Accountants) कोर्ष उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउण्टेन्सी संस्थाको सदस्यता प्राप्त गरेको।

(११) **सहायक निर्देशक, प्रशासन, कानून:** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र कुनै सरकारी सेवा वा प्रचलित कानुनबमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा दुई वर्षको कार्य अनुभव हासिल गरेको।

(१२) **प्रशासकीय अधिकृत, प्रशासन, सामान्य प्रशासन:** मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण।

(१३) **वित्त अधिकृत, प्रशासन, वित्त, लगानी:** मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त वा अर्थशास्त्र मुल विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण।

(१४) **लेखा अधिकृत, प्रशासन, लेखा:** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण।

(१५) **कानून अधिकृत, प्रशासन, कानून:** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातकोत्तर तह उत्तीर्ण

(१६) **सूचना प्रविधि अधिकृत, विविध, कम्प्यूटर इन्जिनियरिगं:** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इञ्जिनियरिङ्ग वा कम्प्यूटर विज्ञान वा सूचना प्रविधि विषयमा स्नातकोत्तर तह उत्तीर्ण।

(१७) **लेखापाल, प्रशासन, लेखा:** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्रमा वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ् शास्त्र वा जनप्रशासन मध्ये कुनै मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण।

(१८) **कानून सहायक, प्रशासन, कानून:** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातक तह उत्तीर्ण।

(१९) **प्रशासन सहायक, प्रशासन, सामान्य प्रशासन:** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा कक्षा १२ (एस.एल.सी.ई.) वा सो सरह उत्तीर्ण।

(२०) **लेखा सहायक, प्रशासन, लेखा:** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्रमा प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित, तथ्याङ् शास्त्र वा जनप्रशासन मध्ये कुनै मूल विषय लिई प्रमाणपत्र तह वा कक्षा १२ (एस.एल.सी.ई.) वा सो सरह उत्तीर्ण।

(२१) **सहायक कम्प्युटर अपरेटर, विविध, कम्प्यूटर इन्जिनियरिङ्गः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विषय लिई प्रमाणपत्र तह वा कक्षा १२ (एस.एल.सी.ई.) वा डिप्लोमा वा सो सरह उत्तीर्ण।

**आ. प्र., खुला तथा समावेशी परीक्षाको लागि विशेष सूचना :**

(क) कोषले तोकेको अनलाईन फाराममा भर्नुपर्ने सम्पूर्ण विवरण भरी सोको साथ नेपाली नागरिकताको प्रमाण पत्र र दरखास्त दिने पदको लागि तोकिएको न्यूनत्तम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाण पत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण पत्र र पासपोर्ट साइजको फोटो scan/Attach गरी यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र र सो पश्चात दोब्बर दस्तुर तिरी ७ (सात) दिन भित्र Online दरखास्त फाराम भर्नु हुन सूचित गरिन्छ। दरखास्त समावेश भईसकेपश्चात कोषबाट verify भए पश्चात् मात्र दरखास्त स्वीकृत हुनेछ र त्यसपछि उम्मेदवार स्वयम्ले प्रवेश पत्र प्रिन्ट गर्नुपर्नेछ। परीक्षामा उपस्थित हुँदा उम्मेदवारले अनिवार्य रुपमा प्रवेशपत्र लिई आउनुपर्नेछ अन्यथा परीक्षामा समावेश गराइने छैन।

(ख) उम्मेदवारले आफूले पेश गर्ने आवश्यक शैक्षिक प्रमाणपत्र तोकिएको न्यूनतम योग्यताको एक प्रति मात्र upload गरे पुग्नेछ। सेवारत कर्मचारीले आफु सेवारत निकाय संस्थाको विभागीय स्वीकृती पत्र पेश गर्नुपर्नेछ। झुठ्ठा विवरण उल्लेख गरी online फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ। म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन।

(ग) अस्वीकृत भएका दरखास्त फारामहरुको परीक्षा दस्तुर फिर्ता हुनेछैन।

(घ) विज्ञापित सबै पदहरुमा अनलाईन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ । कोषको Website: ssf.gov.np को vacancy.ssf.gov.np बाट Online दरखास्त फाराम भर्न सकिनेछ। online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा कोषको टेलिफोन नम्बर ०१-५३१२०६६ र मो. नं. ९८५१३४२५८० मा सम्पर्क गरी बुझ्न सकिनेछ।

**उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमाः**

**(अ) समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरुः** समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुले निम्न बमोजिमका कागजातहरु समेत Upload गर्नुपर्नेछ।

(क) आदिवासी जनजातिका हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएका जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुनेछ। तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन भित्र सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।

(ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा दरखास्त स्वीकृत हुनेछ तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनि प्रमाणित कागजात दरखास्त पेश गर्नुपर्नेछ।

**(आ) अनुभव चाहिने उम्मेदवारका लागिः**

(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पत्रको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र

१. निजामती तथा अन्य सरकारी निकाय,
२. नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था,
३. विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,
४. ऐनद्वारा स्थापित संस्था वा निकाय ,
५. संयुक्त राष्ट्रसंघ, यसका अंग तथा विशिष्टिकृत निकाय,

६. अन्तर सरकारी क्षेत्रीय तथा अन्तराष्ट्रिय संगठनहरु,

७. विश्वविद्यालयको आंगिक क्याम्पस,

८. सामुदायिक विद्यालय,

(ख) खण्ड (क) मा उल्लेख भए बाहेको अन्य निकायको अनुभवको सम्बन्धमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृतस्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन, संरचना लगायत कर्मचारीको सेवा शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत आवश्यक पर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधि भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।

(ग) सरकारी कर्मचारीले अन्य संगठित संस्थामा काम गरेको अनुभव सम्बन्धमा पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको बिदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ।

(घ) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।

(ङ) नियुक्तिपत्र वा करारनामामा नै (Part Time) रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभव मान्यता दिइने छैन।

(च) एकवर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन।

(छ) सहायक स्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन।

(ज) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृतस्तर नखुलेकोमा सम्बधित निकायले सो पद अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र पेश गर्नुपर्नेछ।

(झ) माथि उल्लिखित प्रमाण खुल्ने कागजातहरु दरखास्त दिने समयभित्र नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समयमा दरखास्त रद्द गर्नसकिनेछ।

**द्रष्टव्यः**

(क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ख) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन बाध्य हुने छैन्।

(ग) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परिक्षामा समावेश गराइने छैन।

(घ) लोक सेवा आयोगबाट परीक्षामा अनियमितता गरेको सम्बन्धमा यसअघि निश्चित अवधिसम्म आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा सहभागी हुन नपाउने गरी कारबाही भएको भए सो अवधि व्यतित भईसकेको हुनुपर्नेछ।

(ङ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्छ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(च) पाठ्यक्रम कोषको वेभसाइट www.ssf.gov.np बाट प्राप्त हेर्न सकिनेछ।

पदपूर्ति समिति
सामाजिक सुरक्षा कोष